

# येशू ख्रीष्टको अदभूत जीवन

# हाम्रा गोटाला को हुन्?

येशू ख्रीष्ट धेरै वर्ष अगाडि मृत्युबाट जीवित हुनुभएको एक सफल व्यक्ति मात्र हुनुहुन्न। धर्मशास्त्रअनुसार, उहाँ सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ, जो यस पृथ्वीमा एउटा सामान्य मानिस जस्तैगरी जिउनुभयो, यसैले कि उहाँले पापपूर्ण मानव जातिलाई आफ्नो जीवनको अमूल्य रगत बगाएर पाप, शैतान र मृत्युको शक्तिबाट छुटकारा दिन सक्नुभएको होस्। उहाँ आज पनि जीवित हुनुहुन्छ र उहाँकहाँ आउने सबैलाई उहाँले अनन्त जीवन दिनुहुन्छ।

येशूलाई स्वीकार वा इन्कार गर्ने भन्ने कुरा जीवन र मृत्युको सवाल हो। ''यसकारण जससंग परमेश्वरका पुत्र हुनुहुन्छ, त्यससित जीवन छ, जससंग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससित जीवन छैन ।'' १ यूहन्ना ५:१२ ''अरू कसैमा मुक्ति छैन, किनकि स्वर्गमुनि मानिसहरूको बीचमा अर्को कुनै नाउँ दिइएको छैन, जसद्वारा हामीले मुक्ति पाउन सक्छौं ।'' प्रेरित ४:१२

जसै तपाईंले येशू ख्रीष्टको अदभूत जीवनलाई अध्ययन गर्नुहुन्छ, तपाईंको निम्ति परमेश्वर अझै साक्षात हुनुभएको होस्। ''अनन्त जीवन यही हो कि तिनीहरूले तपाईं एकमात्र सत्य परमेश्वरलाई र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् ।'' यूहन्ना १७:३ के तपाईंले आफ्नो हृदयमा प्रभु येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी स्वीकार गर्नुभएको छ? यदि छैन भने, मौका आजै हो, आज नै उहाँलाई स्वीकार गर्नुहोस्।

# येशू आफ्नो जन्म हुनुभन्दा अघि नै अस्तित्वमा हुनुहुन्थ्यो 

सृष्टिभन्दा अघिदेखि नै वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो र उहाँ परमेश्वर नै हुनुहुन्थ्यो। सृष्टिभन्दा अघिदेखि नै उहाँ परमेश्वरसँग हुनुहुन्थ्यो। सबै थोक उहाँद्वारा नै अस्तित्वमा आए। बनिएको कुनै पनि थोक उहाँबिना हुन आएन। वचन देहधारी हुनुभयो अनि अनुग्रह र सत्यताले पूर्ण भई हाम्रो बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं।

***यूहन्ना १:१–३,१४***

किनकि उहाँद्वारा नै सबै थोक सृष्टि भएका थिए। ... सबै कुरा उहाँद्वारा र उहाँकै निम्ति सृष्टि गरिएका हुन्। अनि सबै कुराभन्दा अघि उहाँ हुनुहुन्छ ...। ***कलस्सी १:१६–१७***

प्राचीन समयमा परमेश्वर हाम्रा पितापुर्खासँग विभिन्न समय र विभिन्न किसिमले अगमवक्ताहरूद्वारा बोल्नुभयो। तर यी अन्तिम दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ, जसलाई उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, जसद्वारा उहाँले संसार पनि सृष्टि गर्नुभयो। ***हिब्रू १:१–२***

येशूले जवाफ दिनुभयो, "साँचो साँचो म तिमीहरूलाई भन्दछु, अब्राहाम जन्मनुभन्दा अघिदेखि नै म छँदै छु।" ***यूहन्ना ८:५८***

# येशूको बारेमा भएको अगमवाणी

यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ,र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ। *यशैया ७:१४*

तर ए बेथलेहेम एप्राता, तँ यहूदाका कुलहरूमध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समयदेखि अर्थात् प्राचीनकालदेखि नै छ । *मिका ५:२*

किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ। उहाँको शासन र शान्तिका वृद्धिको अन्त कहिल्यै हुनेछैन । *यशैया ९:६–७*

ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। निश्चय नै उसले हाम्रा निर्बलता बोक्यो र हाम्रा दुःख भोग्यो, ... तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेडियो। हाम्रा अधर्मका निम्ति पेलियो। *यशैया ५३:३,४–५*

# येशूले स्वर्गलाई छाडेर मानिसको रूप लिनुभयो



येशू ख्रीष्ट...परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरसँग बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्त्याएर कमाराको रूप धारण गरी मानिसको स्वरूपमा बनाइनुभयो। स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो र मृत्युसम्मै अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी हुनुभयो ।

*फिलिप्पी २:५–८*

पहिलो मानिस, आदम पृथ्वीको माटोबाट बनिएको हो। दोस्रो मानिस, ख्रीष्ट स्वर्गबाट आउनुभएको हो। *१ कोरिन्थी १५:४७*

संसारमा आउनुहुँदा उहाँले भन्नुभयो, ''बलिदान र भेटी तपाईंले चाहनुभएन तर तपाईंले मेरो निम्ति एउटा शरीर तयार पारिदिनुभएको छ।

*हिब्रू १०:५*

छोराछोरी रगत र मासुको सहभागी भएका हुनाले, मृत्युद्वारा नै मृत्युको शक्ति हुने शैतानलाई शक्तिहीन पार्नलाई उहाँ आफै पनि त्यसको सहभागी हुनुभयो। यसैले कि मृत्युको डरले सारा जीवनभरि दासत्वमा परेका सबैलाई छुटकारा दिन सक्नुभएको होस् ।

*हिब्रू २:१४–१५*

# येशू यस पृथ्वीमा आउनुको उद्देश्य

किनभने म, मानिसको पुत्र आफै पनि अरूबाट सेवा पाउन आएको होइनँ तर अरूको सेवा गर्न र धेरैका निम्ति छुटकाराको मोलको रूपमा आफ्नो प्राण अर्पण गर्न आएको हुँ ।'' *मर्कूस १०:४५*

म, मानिसको पुत्र यस्तै हराएकाहरूलाई खोज्न र बचाउन आएको हुँ ।'' *लूका १९:१०*

किनकि परमेश्वरले संसारलाई दोषी ठहऱ्याउन आफ्नो पुत्रलाई पठाउनुभएन, तर पुत्रद्वारा संसार बचाइयोस् भनी पठाउनुभयो । *यूहन्ना ३:१७*

येशूले जवाफ दिनुभयो, ''म राजा हुँ भनी तपाईं ठीकै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ र सत्यताको गवाही दिन म यस संसारमा आएको छु। हरेक, जो सत्यको हो, त्यसले मेरो स्वर सुन्छ।'' *यूहन्ना १८:३७*

तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो, उहाँ व्यवस्थाको अधीनमा रही स्त्रीबाट जन्मनुभयो। उहाँले व्यवस्थाको अधीनमा भएकाहरूलाई छुटकारा दिनुभयो, यसैले कि हामी धर्मपुत्रको रूपमा स्वीकारिन सकौं । *गलाती ४:४—५*

# येशूको अलौकिक गर्भधारण भएको थियो



परमेश्वरले गब्रिएललाई गालीलको नासरतमा, कन्या मरियमकहाँ पठाउनुभयो। तिनको मगनी दाऊदको वंशका यूसुफ भनिने व्यक्तिसँग भएको थियो। ''नडराऊ मरियम, किनभने तिमीले परमेश्वरको कृपा पाएकी छ्यौ। तिमी गर्भवती हुनेछ्यौ र एउटा छोरो जन्माउनेछ्यौ, तिमीले उहाँको नाउँ येशू राख्नू। उहाँ महान् हुनुहुनेछ र सर्वोच्चका पुत्र कहलिनुहुनेछ। परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ ।उहाँले इस्राएलमा सधैँभरि राज्य गर्नुहुनेछ र उहाँको राज्यको अन्त्य कहिल्यै हुनेछैन।'' मरियमले स्वर्गदूतलाई सोधिन्, ''यो कसरी हुन सक्छ? म त अहिलेसम्म कन्या नै छु।'' स्वर्गदूतले जवाफ दिए, ''पवित्र आत्मा तिमीमा आउनुहुनेछ र सर्वशक्तिमान्को सामर्थ्यले तिमीमाथि छायाँ पार्नेछ। त्यसकारण तिम्रो कोखबाट जन्मिनुहुने पवित्र परमेश्वरका पुत्र कहलिनुहुनेछ। हेर, तिम्रो नातेदार एलीशिबा पनि त वृद्धावस्थामा गर्भवती भएकी छिन्। मानिसहरूले तिनलाई बाँझी भन्ने गर्थे तर अहिले तिनको गर्भमा छ महिनाको बच्चा छ, किनभने परमेश्वरको लागि कुनै कुरा पनि असम्भव हुँदैन ।''

*लूका १:२६–२७, ३०–३७*

# येशूको जन्म

... कैसर अगस्टसले सारा रोमी साम्राज्यभरि जनगणना लिनू भन्ने उर्दी जारी गरे। ...जनगणनामा आफ्नो नाउँ लेखाउनलाई सबै मानिसहरू आआफ्ना जन्मथलोमा गए। यूसुफ दाऊदको वंशका भएको हुनाले दाऊदकै पुर्ख्यौली गाउँ यहूदियाको बेथलेहेममा गए। आफ्नो नाउँ दर्ता गर्न यूसुफ आफूसँग मगनी भएकी मरियमलाई साथमा लिएर आएका थिए, मरियम त्यसबेला गर्भवती थिइन्। ... पहिलो सन्तानको रूपमा छोरो जन्माइन्। तिनले शिशुलाई कपडाले बेह्रेर डुँडमा सुताइन्, किनभने त्यस गाउँमा तिनीहरूले कुनै पाटीपौवा र घरहरूमा वास बस्ने ठाउँ पाएनन्। त्यस रात केही गोठालाहरू ...। अकस्मात् परमप्रभुका एक स्वर्गदूत तिनीहरूका माझमा देखा परे र परमेश्वरको महिमाले तिनीहरूलाई ढाक्यो। तिनीहरू अत्यन्तै डराए, तर स्वर्गदूतले ... ढाडस दिए, "नडराओ, हेर, मैले तिमीहरूका निम्ति बडो आनन्दको सुसमाचार ल्याएको छु, ... : तिमीहरूले एउटा बालकलाई लुगाले बेह्रेर डुँडमा सुताइएको भेट्टाउनेछौ।" तत्कालै ती स्वर्गदूतसँग स्वर्गका असंख्य सेनाको एउटा ठूलो दल देखा पर्‍यो, तिनीहरूले यसो भन्दै परमेश्वरको प्रशंसा गरे, "सर्वोच्च स्वर्गमा हुनुहुने परमेश्वरलाई महिमा र पृथ्वीमा हुने सबैमा शान्ति, जुन मानिसहरूसँग परमेश्वर प्रसन्न हुनुहुन्छ।"

*लूका २:१–१४*

# येशूको शिक्षावस्था

यरूशलेममा बस्ने शिमियोन नाउँका एक जना मानिस थिए। उनी ज्यादै धर्मी र भक्त थिए। उनी पवित्र आत्माले भरिएका थिए र उनले इस्राएलको सान्त्वनाको बाटो हेरिरहेका थिए। 'प्रभुका ख्रीष्टलाई नदेखेसम्म तिमी मर्नेछैनौ' भनी पवित्र आत्माले उनलाई प्रकट गर्नुभएको थियो। त्यस दिन आत्माले उनलाई मन्दिरतिर डोऱ्याउनुभयो। अनि त्यसैबेला यूसुफ र मरियमले बालक येशूलाई व्यवस्थाबमोजिम अर्पण गर्न मन्दिरमा ल्याएका थिए। शिमियोन त्यहीँ थिए। उनले बालकलाई आफ्नो अँगालोमा लिए र यसो भन्दै परमेश्वरको प्रशंसा गरे, ''प्रभु, तपाईंको वचनअनुसार अब म शान्तिसाथ मर्न सक्छु! मैले मुक्तिदातालाई देखेको छु, तपाईंले सबै मानिसहरूलाई मुक्तिदाता दिनुभएको छ। जातिजातिलाई परमेश्वर प्रकट गर्ने उहाँ ज्योति हुनुहुन्छ अनि तपाईंको प्रजा इस्राएललाई महिमा !'' येशूको विषयमा उनले भनेको कुरा सुनेर यूसुफ र मरियम छक्क परे। तब शिमियोनले तिनीहरूलाई आशिष् दिएर मरियमलाई भने, ''यो बालक इस्राएलमा धेरैको पतन र उत्थानका निम्ति अनि विरोधको एउटा चिन्ह हुनलाई नियुक्त भएको छ ।

*लूका २:२५–३४*

# येशूको आराधना (दण्डवत्)

यहूदियाको बेथलेहेम शहरमा हेरोद राजाको शासनकालमा येशू जन्मनुभयो। त्यसैबेला पूर्वका ज्योतिषीहरू यरूशलेममा यसो भनेर सोद्धैखोज्दै आइपुगे, ''यहूदीहरूका राजा भएर जन्मिनुभएका कहाँ हुनुहुन्छ? हामीले उहाँको तारा पूर्वमा उदाएको देख्यौं र हामी उहाँलाई दर्शनभेट गर्न आएका हौं।''

तिनीहरूको कुरा सुनेर हेरोद अत्यन्तै बेचैन भए र उनीसँगै सारा यरूशलेमका मानिसहरू पनि बेचैन भए। उनले मुख्य पूजाहारी र धार्मिक व्यवस्थाका सबै शिक्षकहरूको सभा बोलाए र उनले तिनीहरूलाई सोधे, ''अगमवक्ताहरूले ख्रीष्ट कहाँ जन्मिन्छन् भनी अगमवाणी गरेका छन्?'' तिनीहरूले जवाफ दिए, ''यहूदियाको बेथलेहेममा, किनभने अगमवक्ताले यसरी ...।...ज्योतिषीहरू आफ्नो बाटो लागे। फेरि पनि तिनीहरूका सामुन्ने तारा देखा पर्‍यो र तिनीहरूलाई बेथलेहेमतिर डोर्‍यायो। तारा ... बालक भएको ठाउँमाथि अडियो। जब तिनीहरूले त्यो तारा देखे, तिनीहरू अति नै आनन्दित भए।... तिनीहरूले उहाँका सामु भुइँमा निहुरिएर दर्शनभेट गरे। ...आफूसँग ल्याएका कन्तुर उघारेर सुन, सुगन्धित अत्तर र मूर्रका भेटी चढाए। ***मत्ती २:१–५, ९–११***

# शैतानले येशूलाई उहाँको जन्मपूर्व नै घृणा गर्छ 

स्वर्गमा अर्को एउटा चिन्ह देखियोः हेर, सातवटा शिर, दसवटा सीङ र शिरमा सातवटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पर्‍यो। त्यसको पुच्छरले स्वर्गको एक तिहाइ भाग ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खडा थियो। त्यस स्त्रीले जातिजातिका सबैलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई । *प्रकाश १२ः३–५*

यूसुफको सपनामा प्रभुका स्वर्गदूत देखा परे। ''उठ, बालक र उहाँकी आमालाई लिएर मिश्रदेशतिर भागिहाल। मैले फर्क नभनेसम्म तिमी मिश्रदेशमा नै बस्नू, किनभने हेरोदले बालकलाई मार्न खोज्दै छ।'' त्यही राति यूसुफ बालक र उहाँकी आमा मरियमलाई लिएर मिश्रदेशतिर लागे। हेरोदको मृत्यु नभएसम्म उनीहरू त्यहीँ बसे। जब ज्योतिषीहरूले आफूलाई छक्क्याएको चाल पाए तब हेरोद क्रोधित भए र उनले ज्योतिषीहरूद्वारा पत्तो लगाइएको ठीक समयअनुसार बेथलेहेम र त्यसका वरपर भएका दुई वर्ष र त्यस मुनिका बालकहरूलाई मार्ने आदेश दिए ।

*मत्ती २ः१३–१५, १६*

# येशूको वाल्यावस्था

बालक बढ्दै र बलियो हुँदै जानुभयो, उहाँ बुद्धिले भरिनुभयो र परमेश्वरको अनुग्रह उहाँमाथि थियो। येशूका आमा–बुबा निस्तार–चाड मनाउन हरेक वर्ष यरूशलेम जाने गर्थे। येशू बाह्र वर्षको हुनुहुँदा पनि उनीहरू सधैँझैँ चाड मनाउन यरूशलेममा गए। चाड सकिएपछि उनीहरू नासरततिर लागे। तर येशू यरूशलेममा नै छोडिनुभयो। त्यो कुरा उहाँका आमा–बुबालाई थाहा भएन। बाटोमा अरू पनि थुप्रै मानिसहरू थिए र येशू साथीहरूसँगै हुनुहुन्छ होला भनेर उनीहरूले सोचेका थिए। तर साँझ पर्दासम्म पनि उनीहरूले येशूलाई देखेनन् तसर्थ उनीहरूले यात्रीहरू र आफ्ना नातेदारहरूसित सोधखोज गर्न थाले। उनीहरूले त्यहाँ पनि भेट्टाउन नसक्दा उहाँलाई खोज्दै खोज्दै यरूशलेमतिरै फर्के। तीन दिनपछि मात्रै उनीहरूले येशूलाई भेट्टाए। उहाँ यरूशलेमको मन्दिरमा व्यवस्थाका शिक्षकहरूसँग गहिरा प्रश्नहरू सोध्दै बसिरहनुभएको थियो। उहाँको ज्ञान र जवाफ सुन्नेहरू चकित भएका थिए। उहाँलाई त्यहाँ भेट्टाएर उहाँका आमा–बुबा छक्क परे। आमाले सोधिन्, ''छोरा, तिमीले किन यसो गरेका? हेर, तिम्रा बुबा र म तिमीलाई व्याकुल भएर खोजिरहेका थियौं।'' उहाँले उनीहरूलाई भन्नुभयो, ''तर तपाईंहरूले मलाई त्यसरी खोज्नुपर्थ्यो र? ...।

*लूका २:४०–४९,५२*

# येशू सार्वजनिक रूपमा परिचित हुनुभयो

परमेश्वरबाट पठाइएका एक जना मानिस आए, जसको नाउँ यूहन्ना थियो। उनले भने, ''यशैया अगमवक्ताले भनेझैँ, 'परमप्रभुको बाटो सोझो बनाओ' भन्दै म उजाडस्थानमा कराउने एउटा आवाज हुँ।'' त्यसको भोलिपल्ट यूहन्नाले येशूलाई आफूतिर आउँदै गर्नुभएको देखे र उनले भने, ''हेर, संसारको पाप उठाउने परमेश्वरको थुमा! फेरि यूहन्नाले भने, ''मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लिएर उहाँमाथि बस्नुभएको देखेँ। म आफैले उहाँलाई चिनेको थिइनँ तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै भन्नुभयो, 'आत्मा जसमाथि ओर्लिएर बसेको तिमीले देख्नेछौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।' मैले यो देखेँ र त्यसैको साक्षी म छु, उहाँ नै परमेश्वरका पुत्र हुनुहुन्छ।''

*यूहन्ना १:६,२३,२९,३२–३४*

येशू बप्तिस्मा लिएर पानीबाट निस्किनुहुँदा आकाश उघ्रियो। परमेश्वरका आत्मा ढुकुरझैँ ओर्लनुभएको र उहाँमाथि बस्नुभएको उनले देखे। अनि स्वर्गबाट यस्तो वाणी आयो, ''यिनी मेरा प्यारो पुत्र हुन्, म यिनीसँग अति नै प्रसन्न छु।''

*मत्ती ३:१६–१७*

# येशू परीक्षामाथि विजयी बन्नुहुन्छ

परीक्षा गर्ने उहाँकहाँ आयो र भन्यो, ''यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गालाई रोटी होऊन् भनी आज्ञा गर्नुहोस्।'' तर येशूले...भन्नुभयो, ''धर्मशास्त्रमा यसरी लेखिएको छ, 'मानिस रोटीले मात्र होइन तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ'।'' तब शैतानले उहाँलाई ... मन्दिरको गजुरमा खडा गरायो र भन्यो, ''यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यहाँबाट हामफाल्नुहोस्, किनभने धर्मशास्त्रले भन्छ : 'उहाँले आफ्ना स्वर्गदूतहरूलाई अह्राएर तपाईंको रक्षा गर्नुहुनेछ। 'तिनीहरूले तिमीलाई आफ्ना हातहातै थाम्नेछन्, नत्र त तिम्रो खुट्टा ढुङ्गामा बजारिनेछन्'।'' येशूले त्यसलाई जवाफ दिनुभयो, ''धर्मशास्त्रले यसो पनि भनेको छ, 'तैँले आफ्नो परमप्रभु परमेश्वरलाई परीक्षा नगर्नू'।''... उहाँलाई धेरै अग्लो पहाडको चुचुरोमा लग्यो अनि संसारका सबै राज्य र तिनका सारा वैभव देखायो, र त्यसले भन्यो, ''यदि तपाईंले घुँडा टेकेर मलाई दण्डवत् गर्नुभयो भने म तपाईंलाई यो सारा संसार नै दिनेछु।'' येशूले त्यसलाई हप्काएर भन्नुभयो, ''शैतान, तँ यहाँबाट गइहाल्, किनभने धर्मशास्त्रमा यसरी लेखिएको छ, 'तैँले परमप्रभु तेरा परमेश्वरको आराधना गर्नू र उहाँकै मात्र सेवा गर्नू' ।''

***मत्ती ४:३–१०***

# येशूले चेलाहरूलाई बोलाउनुहुन्छ

एकदिन गालील समुद्रको किनारमा जाँदै गर्नुहुँदा येशूले सिमोन र तिनका दाजु अन्द्रियासलाई जाल लिएर माछा मार्दै गरेको भेट्नुभयो, किनभने तिनीहरूका पेशा नै माछा मार्ने थियो । येशूले तिनीहरूलाई बोलाउनुभयो, ''आओ, मलाई पछ्याओ। म तिमीहरूलाई मानिसहरू पक्रिने जालहारी बनाउँछु।'' तिनीहरूले त्यसैबेला आफ्ना जालहरू त्यहीँ छोडे र उहाँको पछि लागे। त्यसको केही पर येशूले जब्दियाका छोराहरू, याकूब र यूहन्नालाई डुङ्गामा बसेर जाल तुन्दै गरेको देख्नुभयो। उहाँले तिनीहरूलाई पनि बोलाउनुभयो र तुरुन्तै तिनीहरूले आफ्ना बुबा जब्दियालाई ज्यामीहरूसँग डुङ्गामा नै छोडेर उहाँको पछि लागे । *मर्कूस १:१६–२०*

त्यसको भोलिपल्ट येशूले गालील जाने निर्णय गर्नुभयो। उहाँले फिलिपलाई भेट्नुभयो र भन्नुभयो, ''मेरो पछि लाग।'' *यूहन्ना १:४३*

उहाँ त्यस ठाउँबाट जाँदै गर्नुहुँदा महसुल उठाउने अड्डामा अल्फयसका छोरो मत्तीलाई बसिरहेको देख्नुभयो। उहाँले तिनलाई बोलाउनुभयो, ''आऊ, तिमी मेरो पछि लाग।'' त्यो सुनेर लेवी जुरुक्कै उठे र उहाँको पछि लागे । *मर्कूस २:१४*

# येशूले सुसमाचार प्रचार गर्नुहुन्छ

त्यसपछि येशू पवित्र आत्माको शक्तिले भरिएर गालीलमा फर्किनुभयो। त्यस वरपरका गाउँभरि उहाँको कीर्ति फैलियो । उहाँले तिनीहरूका सभाघरहरूमा शिक्षा दिनुभयो अनि हरेकले उहाँको प्रशंसा गरे। तब उहाँ आफूहुर्कि एको गाउँ नासरतमा फर्किनुभयो।... सभाघरमा जानुभयो र धर्मशास्त्र पाठ गर्नका लागि उभिनुभयो। यशैया अगमवक्ताको पुस्तकको मुट्ठो उहाँलाई दिइयो, जब उहाँले त्यस मुट्ठोलाई खोल्नुभयो तब यस्तो लेखिएको खण्ड भेट्टाउनुभयो : ''परमप्रभुको आत्मा ममाथि हुनुहुन्छ, किनभने उहाँले गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको सन्देश सुनाउन, अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउन, र परमप्रभुको प्रसन्नताको वर्षको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको छ।'' उहाँले धर्मशास्त्रको मुट्ठो बन्द गर्नुभयो र सेवकलाई दिएर बस्नुभयो, त्यहाँ भएका सबैले उहाँलाई एकटक लगाएर हेरे। तब उहाँले भन्नुभयो, ''तिमीहरूको सुनाइमा यो वचन पूरा भएको छ।'' उहाँको मुखबाट निस्केका अनुग्रहपूर्ण वचन सुनेर तिनीहरू छक्क परे र उहाँको सराहना गरे ...। *लूका ४:१४–२२*

# येशूले मन्दिर सफा गर्नुहुन्छ

उहाँहरू फर्केर यरूशलेममा नै आउनुभयो र येशू मन्दिरभित्र पस्नुभयो। अनि त्यहाँ भएका व्यापारी र तिनका ग्राहकहरूलाई उहाँले धपाउनुभयो। उहाँले पैसा साट्नेहरूका टेबुल र ढुकुर बेच्नेहरूका पसल पल्टाइदिनुभयो। उहाँले तिनीहरूलाई सिकाउनुभयो, ''धर्मशास्त्रमा लेखिएको छ, 'मेरो मन्दिर सबै जातिका लागि प्रार्थनाको घर कहलिनेछ।' तर तिमीहरूले यसलाई डाँकाहरूका ओडार बनाएका छौ।''

*मर्कूस ११:१५,१७*

# येशूले पापको बारेमा सिकाउनुहुन्छ

मानिसहरूका अगाडि तिमीहरू आफूलाई धर्मी देखाउने प्रयत्न गर्छौ ... हृदय कपट र व्यवस्थाहीन कुराले भरिएको छ। *मत्ती २३:२८*

... दुष्ट कुरा बोल्ने मानिसले आफूलाई नै अशुद्ध पार्छ, ... खराब विचार, हत्या, व्यभिचार, यौन–अनैतिकता, ... । *मत्ती १५:१८–१९*

येशूले जवाफ दिनुभयो, ''साँचो साँचो म तिमीहरूलाई भन्दछु, हरेक जसले पाप गर्दछ, त्यो पापको दास हो। तसर्थ, यदि पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू साँच्चै स्वतन्त्र हुनेछौ।

*यूहन्ना ८:३४, ३६*

# येशूले नयाँ जीवन दिनुहुन्छ

येशूले जवाफ दिनुभयो, "साँचो साँचो म तिमीलाई भन्दछु, कोही मानिस नयाँ गरी नजन्मिए सम्म परमेश्वरको राज्य देख्न सक्दैन।''''तिमी नयाँ गरी जन्मिनुपर्छ' भन्ने मेरो भनाइमा अचम्म नमान। किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले एकमात्र पुत्रलाई दिनुभयो, जसले उहाँमा विश्वास गर्छ, नाश हुनेछैन तर अनन्त जीवन पाउँदछ ।

*यूहन्ना ३:३,७,१६*

म त तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।

*यूहन्ना १०:१०*

अनन्त जीवन यही हो कि तिनीहरूले तपाईं एकमात्र सत्य परमेश्वर र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।

*यूहन्ना १७:३*

जसरी पिताले मृतकहरूलाई पुनर्जीवित पारेर जीवन दिनुहुन्छ, त्यसरी नै पुत्रले पनि आफूले चाहेकाहरूलाई जीवन दिनुहुन्छ। साँचो साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ र त्यो न्यायमा पर्नेछैन, तर ऊ मृत्युबाट जीवनमा सरिसकेको हुन्छ।

*यूहन्ना ५:२१,२४*

# येशूले जिउँदो पानी पिउन दिनुहुन्छ

आखिरमा उहाँ सामरिया शहरको सुखार भनिने ठाउँमा आइपुग्नुभयो ... येशू लामो यात्राबाट थकित हुनुभएकोले कुवाको छेउमा बसिरहनुभएको थियो। एउटी सामरी स्त्री पानी लिन त्यहाँ आई, येशूले त्यसलाई भन्नुभयो, ''कृपया मलाई पानी पिउन देऊ।'' ... त्यसले उहाँलाई भनी, ''तपाईं एक यहूदी भएर पनि म, सामरी स्त्रीको हातबाट कसरी पिउने पानी माग्नुहुन्छ ?'' किनकि यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्। येशूले जवाफ दिनुभयो, ''यदि तिमीले परमेश्वरको वरदान र 'मलाई पिउन देऊ' भन्ने व्यक्तिलाई चिनेकी भए तिमीले ऊसित माग्ने थियौ र उसले तिमीलाई जीवित पानी दिने थियो।...''यो पानी पिउने सबै फेरि तिर्खाउनेछन्, तर मैले दिने पानी पिउने कहिल्यै तिर्खाउनेछैन। मैले दिने पानी त उसमा अनन्त जीवनको उम्रिरहने पानीको मूल बन्नेछ।'' ***यूहन्ना ४:५–१०, १३–१४***

येशू ... उच्च स्वरले बोल्नुभयो, ''यदि कोही तिर्खाउँछ भने त्यो मकहाँ आओस् र पिओस्। धर्मशास्त्रले भनेअनुसार ममा विश्वास गर्नेको अन्तस्करणबाट जीवित पानीको खोलाहरू बग्नेछन्।'' यो कुरा उहाँले आत्माको विषयमा भन्नुभएको थियो, जुन उहाँमाथि विश्वास गर्नेहरूले पाउनुपर्ने थियो। ***यूहन्ना ७:३७ –३९***

# येशूले उखानहरूद्वारा सिकाउनुहुन्छ

''मेरो शिक्षा ध्यान दिएर सुन्ने र पालन गर्ने जोसुकै बुद्धिमान् हो। ऊ, त्यो व्यक्तिजस्तो हो, जसले आफ्नो घर चट्टानमाथि बनाउँछ। पानी पर्छ, बाढी आउँछ, हुरी चल्छ र त्यस घरमाथि बज्रन्छ तर त्यो घर ढल्दैन, किनभने त्यो घर चट्टानमाथि बसालिएको हुन्छ। तर मेरो शिक्षा सुनेर पनि त्यसको बेवास्ता गर्ने जोसुकै मूर्ख हो। ऊ, त्यो व्यक्तिजस्तो हो, जसले आफ्नो घर बालुवामा बनाउँछ। जब पानी पर्छ, बाढी आउँछ, हुरी चल्छ र त्यस घरमाथि बज्रन्छ अनि त्यो घर पूर्ण रूपले ध्वस्त हुन्छ ।''

***मत्ती ७:२४–२७***

''यदि तिमीहरूसित एक सयवटा भेडा छन् र तीमध्ये एउटा जङ्गलमा हरायो भने तिमीहरूले उनान्सयवटा भेडालाई त्यतिकै छोडेर हराएको मध्ये एउटाको खोजी गर्न जाँदैनौ र? जब तिमीले त्यस भेडालाई भेट्टाउँछौ तब रमाउँदै त्यसलाई आफ्नो काँधमा राखेर घर आउँछौ। जब तिमी घरमा आइपुग्छौ, हराएको भेडा भेटिएको खुसीमा तिमीले आफ्ना साथी र छरछिमेकीलाई भेला गरेर रमाइलो गर्छौ, किनभने हराएको भेडा भेटिएको हुन्छ। त्यसै गरी उनान्सय धर्मी र नबरालिएका मानिसहरूभन्दा एक जना पापी ... पश्चात्ताप गरी परमेश्वरतर्फ फर्किन्छ भने, स्वर्गमा ठूलो हर्षबढाइँ हुन्छ।

***लूका १५:४–७***

# येशूले आशिषित हुने बारेमा सिकाउनुहुन्छ

एकदिन ठूलो भीड भेला हुँदै गर्दा उहाँ... डाँडामा उक्लनुभयो र ... उहाँले यसरी शिक्षा दिनुभयो :''मलाई 'परमेश्वरको खाँचो छ' भन्ने व्यक्तिहरू धन्यका हुन्, किनभने स्वर्गको राज्य तिनीहरूकै हो। शोक गर्नेहरू धन्यका हुन्, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्। सोझा र नम्रहरू धन्यका हुन्,किनभने सम्पूर्ण पृथ्वी नै तिनीहरूलाई दिइनेछ। धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरू धन्यका हुन्, किनभने तिनीहरू सन्तुष्ट हुनेछन्। कृपा देखाउनेहरू धन्यका हुन्, किनभने तिनीहरूले कृपा पाउनेछन्। शुद्ध हृदय हुनेहरू धन्यका हुन्, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्। मेलमिलाप गराउनेहरू धन्यका हुन्, किनभने तिनीहरू परमेश्वरका सन्तान कहलाइनेछन्। परमेश्वरका निम्ति जिएको कारण सताइनेहरू धन्यका हुन्, किनभने स्वर्गको राज्य तिनीहरूकै हो। धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो निम्ति तिमीहरूलाई सताउनेछन्, गिल्ला गर्नेछन् र झुटा आरोप लगाएर दुःख दिनेछन्। तब रमाओ ! खुसी होओ ! किनभने तिमीहरूका निम्ति स्वर्गमा ठूलो इनाम राखिएको छ । ***मत्ती ५:१–१२***

''परमेश्वरको वचन सुन्ने र त्यसअनुसार गर्ने व्यक्ति अझै धन्यको हो ।'' ***लूका ११:२८***

# येशूले प्रार्थनाको विषयमा सिकाउनुहुन्छ

''दुई जना मानिस प्रार्थना गर्न मन्दिरमा गए। एक जना फरिसी थियो र अर्को कर उठाउने व्यक्ति थियो। फरिसी बडो गर्व गर्दै उभियो र यसरी प्रार्थना गर्न थाल्यो, 'हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म अरूजस्तो धुताहा, अन्यायी, व्यभिचारी वा यो महसुल उठाउनेजस्तो पापी छैन। म हप्ताको दुईपल्ट उपवास बस्छु र मेरो सम्पूर्ण कमाइको दसांस पनि तपाईंलाई दिन्छु।' तर महसुल उठाउने मानिस अलिक परै उभियो र स्वर्गतिर हेर्न पनि नसकी अधोमुख लगाउँदै, उसले आफ्नो छाती पिट्यो र दुःखित भएर यसरी पुकारा गऱ्यो, 'हे परमेश्वर म पापीमाथि दया गर्नुहोस्।' म तिमीहरूलाई भन्दछु, त्यो फरिसीभन्दा बरु महसुल उठाउने परमेश्वरको नजरमा धर्मी ठहरिएर घर फर्क्यो, किनभने हरेक जसले आफूलाई उचाल्छ, त्यो होच्याइनेछ तर जसले आफूलाई होच्याउँछ त्यो उच्च पारिनेछ ।''

*लूका १८:१०–१४*

म तिमीहरूलाई यो पनि भन्दछु, यदि तिमीहरूमध्ये दुई जना एउटै कुरामा सहमत भएर स्वर्गमा हुनुहुने मेरा पितासँग माग्यौ भने त्यो तिमीहरूका निम्ति गरिदिनुहुनेछ। यसकारण जहाँ मेरो नाउँमा दुई कि तीन जना भेला हुन्छौ, म त्यहाँ तिमीहरूका बीचमा हुन्छु ।''

*मत्ती १८:१९–२०*

# येशूले चेलापनको बारेमा सिकाउनुहुन्छ

येशूले चेलाहरूलाई भन्नुभयो, "यदि तिमीहरूमध्ये कोही मेरो पछि लाग्न ....आफैलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। यदि तिमीले आफ्ना निम्ति जीवन बचाउने कोसिस गर्‍यौ भने त्यो गुमाउनेछौ। तर यदि तिमीले आफ्नो जीवन मेरो निम्ति त्याग्यौ भने साँचो जीवन पाउनेछौ। तिमीले सारा संसारै हात पार्‍यौ तर आफ्नै प्राण गुमायौ भने तिमीलाई के फाइदा भयो?" ***मत्ती १६:२४–२६***

"त्यसकारण तिमीहरूमध्ये, कसैले पनि मेरो खातिर सबै थोक त्याग्न सक्दैन भने त्यो मेरो चेला हुन सक्दैन।" ***लूका १४:३३***

"यदि तिमीहरू साँच्चै मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ।" ***यूहन्ना १४:१५***

"मेरो आज्ञा यही हो : एक–अर्कालाई प्रेम गर, जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु।" ***यूहन्ना १५:१२***

"यदि तिमीहरूले एक–अर्कालाई प्रेम गर्‍यौ भने यसैद्वारा सबै मानिसहरूले तिमीहरू मेरा चेलाहरू हौ भनी जान्नेछन्।" ***यूहन्ना १३:३५***

येशूले आफूमाथि विश्वास गर्नेहरूलाई भन्नुभयो, "यदि तिमीहरू मेरा वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेलाहरू हौ।" ***यूहन्ना ८:३१***

# येशूले स्वर्ग र नरकको बारेमा सिकाउनुहुन्छ

"धार्मिक कुरा गर्ने सबै मानिस धर्मी हुँदैनन्। तिनीहरूले मलाई 'प्रभु' भने तापनि ती सबै जनाले स्वर्गको राज्यमा प्रवेश पाउनेछैनन्। ...पिताको इच्छा पालन गर्ने व्यक्तिले स्वर्गको राज्यमा प्रवेश गर्न पाउनेछ।" *मत्ती ७:२१*

"साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू आफ्ना पापबाट फर्किएर यस बालकजस्ता भएनौ भने स्वर्गको राज्यमा कदापि पस्न पाउनेछैनौ ।" *मत्ती १८:३*

"तिमी साँगुरो ढोकाबाट मात्रै परमेश्वरको राज्यमा पस्न सक्छौ। सजिलो बाटो रोज्ने धेरैका लागि नरकतिर जाने मूलबाटो चौडा हुन्छ र त्यसको ढोका पनि फराकिलो हुन्छ। तर जीवनमा पुऱ्याउने ढोका सानो हुन्छ र बाटो साँगुरो हुन्छ अनि थोरैले ... भेट्टाउनेछन्।" *मत्ती ७:१३–१४*

"संसारको अन्त्य ... स्वर्गदूतहरू आउनेछन् र धर्मी मानिसहरूका बीचबाट दुष्टहरूलाई अलग गर्नेछन्, अनि दुष्टजति सबैलाई आगोमा मिल्काइदिनेछन् । त्यहाँ सधैँभरि रुवाबासी र दाह्रा किटाइ हुनेछ।" *मत्ती १३:४९–५०*

"तिमीहरूको हृदय विचलित नहोस्, तिमीहरू परमेश्वरमा विश्वास गर्दछौ, मलाई पनि विश्वास गर। मेरा पिताको घरमा धेरै बस्ने ठाउँहरू छन्...।" *यूहन्ना १४:१–३*

# येशूले हामीलाई उहाँ को हुनुहुन्छ भनी बताउनुहुन्छ

''स्वर्गबाट ओर्लिआएको जीवित रोटी म नै हुँ। यदि कसैले यो रोटी खान्छ भने ऊ सधैँभरि जिउनेछ। यस संसारले जीवन पाओस् भनेर मैले दिएको त्यो रोटी मेरो देह हो।'' ***यूहन्ना ६:५१***

''ढोका म नै हुँ; यदि जो कोही मद्वारा भित्र पस्छ, ऊ बचाइनेछ अनि त्यसले भित्रबाहिर आउनेजाने गर्नेछ र खर्क पाउनेछ। असल गोठालो म नै हुँ .....।'' ***यूहन्ना १०:९, ११***

''बाटो, सत्य र जीवन म नै हुँ। मबाहेक अरू कोहीद्वारा पिताकहाँ आउन सक्दैन ।'' ***यूहन्ना १४:६***

''म संसारको ज्योति हुँ; मेरो पछि लाग्ने अन्धकारमा हिँडडुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।'' ***यूहन्ना ८:१२***

''पुनरुत्थान र जीवन म नै हुँ; ममाथि विश्‍वास गर्ने मऱ्यो भने पनि बाँच्नेछ ।'' ***यूहन्ना ११:२५***

''तिमीहरू मलाई गुरु र प्रभु भन्दछौ, तिमीहरूले ठीकै भन्दछौ, किनभने म उही हुँ।'' ***यूहन्ना १३:१३***

..सबैले सोधे, ''त्यसो भए, के तँ परमेश्‍वरको पुत्र होस् त ?...''म उहाँको पुत्र हुँ, भनेर तपाईंहरू आफै भन्दै हुनुहुन्छ त।'' ***लूका २२:७०***

# येशूमा रोगबिमार निको पार्ने शक्ति छ

त्यसैबेला एउटा कुष्ठरोगी उहाँको सामु आयो। त्यसले घुँडा टेकेर उहाँलाई दण्डवत् गर्दै भन्यो, ''प्रभु, तपाईंले चाहनुभयो भने मलाई निको पार्न सक्नुहुन्छ।'' येशूले त्यसलाई छोएर भन्नुभयो, ''म इच्छा गर्छु, निको होऊ।'' अनि तुरुन्तै त्यसको कुष्ठरोग हराइहाल्यो। *मत्ती ८:२–३*

त्यहाँ उहाँले दुष्टात्माको कारण अठार वर्षदेखि कुप्रो परेकी एउटी स्त्रीलाई देख्नुभयो, जो आफै सीधा उभिन सक्दिन थिइन्। येशूले त्यो देखेर तिनलाई बोलाउनुभयो, ''नारी, तिमी तिम्रो बिमारबाट निको भयौ।'' त्यसपछि उहाँले तिनलाई छुनुभयो र तत्कालै तिनी सोझो भएर खडा भइन् अनि खुसी हुँदै परमेश्वरको प्रशंसा गर्न थालिन्। *लूका १३:११–१३*

तब एउटा ठूलो भीडले उहाँको अगाडि लुला, लङ्गडा, अन्धा, गुँगा र अनेक किसिमका शारीरिक रोग भएकाहरूलाई ल्याएर राखिदिए। ती सबैलाई उहाँले निको पार्नुभयो। *मत्ती १५:३०*

सिमोनकी सासू ज्वरोले थलिएकी थिइन्, त्यसैबेला तिनको विषयमा तिनीहरूले येशूलाई सुनाए।...अनि जब उहाँले तिनका हात समातेर उठ्न मदत गर्नुभयो, ज्वरोले तत्कालै छोड्यो अनि तिनी उठिन् र उहाँको निम्ति भोजन बनाउनमा सहायता गर्न लागिन्। *मर्कूस १:३०–३१*

# येशूको प्रकृतिमाथि अधिकार छ



उहाँले ती सबै मानिसलाई चउरमा मिलेर बस्न लगाउनुभयो। तब उहाँले पाँच रोटी र दुई माछा हातमा लिएर स्वर्गतिर हेर्नुभयो र त्यस खानेकुरामा परमेश्वरको आशिष् माग्नुभयो। उहाँले ती रोटी र माछाहरू भाँच्नुभयो अनि चेलाहरूलाई दिँदै सबैलाई बाँड्न लगाउनुभयो। तिनीहरू सबैले अघाउन्जेल खाए। तिनीहरूले खाएर उब्रिएका टुक्राटाक्री बाह्र डाला बटुले। यसरी पाँच हजारजति पुरुषलगायत स्त्रीहरू र केटाकेटीले पनि अघाउन्जेल खाएका थिए।

***मत्ती १४:१९–२१***

बिहानको तीन बजेको हुँदो हो, येशू पानीमाथि हिँड्दै तिनीहरू भएतिर जानुभयो। जब चेलाहरूले उहाँलाई देखे, तब भूत हो कि भनी ठानेर तिनीहरू डरले चिच्च्याए। त्यसैबेला उहाँ तिनीहरूसित बोल्नुभयो, ''साहस गर, नडराओ, म नै हुँ।''

***मत्ती १४:२५–२७***

... डुङ्गामा पानी भरिएर डुब्नै लाग्यो। येशू डुङ्गाको पछिल्तिर एउटा चकटीको सिरानी लगाएर सुतिरहनुभएको थियो। ...उहाँलाई ब्युँझाए, ''गुरुज्यू, ... वास्ता छैन?'' ...उहाँले बतासलाई हप्काउनुभयो र पानीलाई भन्नुभयो, ''शान्त भइहाल्!'' ...

***मर्कूस ४:३७–३९***

# येशूमा पाप क्षमा गर्ने शक्ति छ

"म पुष्टि गरिदिन्छु, मानिसको पुत्रसँग पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ।" येशू त्यस पक्षाघातीतर्फ फर्किनुभयो र भन्नुभयो, "उठ, तिम्रो गुन्द्री उठाऊ, तिमी निको भएका छौ, अब आफ्नो घर जाऊ।" त्यो मानिस बुर्लुक्क उफ्रेर खडा भयो र घरतिर लाग्यो। ***मत्ती ९:६–७***

त्यसपछि येशूले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रा पाप क्षमा भएका छन्।" टेबुलको वरिपरि हुनेहरूले आपसमा भने, "पाप क्षमा गर्दै हिँड्ने यी मानिस को हुन्?" ***लूका ७:४८–४९***

"यसकारण हे भाइ हो, यो कुरा तपाईंहरूलाई थाहा होस्, यिनै मानिसद्वारा तपाईंहरूलाई पापको क्षमाको घोषणा गरिएको छ, तपाईं विश्वास गर्नेहरू हरेकले उहाँद्वारा नै सबै कुराबाट छुटकारा ...छ, जुन छुटकारा मोशाको व्यवस्थाद्वारा ... सम्भव थिएन।" ***प्रेरित १३:३८–३९***

उहाँमा हामीले, उहाँको अपार अनुग्रहअनुसार उहाँको रगतद्वारा उद्धार र हाम्रा पापको क्षमा पाएका छौं। ***एफिसी १:७***

यदि हामीले उहाँको अघि आफ्ना सबै पाप स्वीकार गऱ्यौं भने उहाँ विश्वसनीय र धर्मी हुनुहुन्छ ... पाप क्षमा गर्नुहुन्छ र सबै प्रकारका अधर्मबाट ...शुद्ध पार्नुहुन्छ। ***१ यूहन्ना १:९***

# येशूको भूतात्मामाथि अधिकार छ



...''तपाईं गइहाल्नुहोस्? हे नासरतका येशू, हामीसँग तपाईंको के काम? के तपाईं हामीलाई नाश गर्न आउनुभएको हो? तपाईं परमेश्वरबाट पठाइएको पवित्रजन हुनुहुन्छ भनी म जान्दछु। '' येशूले त्यसलाई हपारेर भन्नुभयो, ''चुप लाग्, त्यस मानिसबाट निस्किआइज।'' भीडका मानिसहरूले हेर्दाहेर्दै भूतात्माले त्यस मानिसलाई भुइँमा पछार्‍यो र त्यसलाई केही हानि नगरी निस्केर गयो। ती मानिसहरूले चकित हुँदै भने, ''यिनको बोलीमा कस्तो अधिकार र शक्ति छ। उहाँले भूतात्माहरूलाई आज्ञा दिनुहुन्छ र ती निस्कन्छन्।'' ***लूका ४:३३–३६***

त्यो केटो उहाँको नजिक आउनासाथै त्यस भूतले त्यसलाई पछार्‍यो र नराम्रोसँग बटार्‍यो। तर येशूले त्यस दुष्टात्मालाई हप्काउनुभयो र केटालाई निको पार्नुभयो, त्यसपछि...। ती मानिसहरू परमेश्वरको शक्ति प्रकट भएको देखेर चकित भए। ***लूका ९:४२–४३***

''...येशूलाई पवित्र आत्मा र शक्तिले अभिषिक्त तुल्याउनुभयो, यो तपाईंहरूलाई थाहा छ। ...येशू असल काम गर्नुहुँदै र शैतानद्वारा सताइएकाहरूलाई निको पार्नुहुँदै ... जानुभयो, ...परमेश्वर उहाँसित हुनुहुन्थ्यो।'' ***प्रेरित १०:३८***

# येशूको मृत्युमाथि अधिकार छ

येशूले मानिसहरूलाई अह्राउनुभयो, ''ढुङ्गो हटाओ ।'' मृतककी दिदी, मार्थाले भनिन्, ''हे प्रभु, त्यो मरेको चार दिन भइसक्यो, अब त त्यो गन्हाउन थालिसक्यो होला।'' येशूले तिनलाई भन्नुभयो, ''यदि तिमीले विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछ्यौ...।'' ...उहाँ ठूलो सोरले कराउनुभयो, ''लाजरस, बाहिर निस्किआऊ।'' ...येशूले तिनीहरूलाई भन्नुभयो, ''यिनलाई फुकाइदेओ र जानदेओ ।''

***यूहन्ना ११:३९–४०,४३–४४***

...सभाघरका एक जना अगुवा आएर येशूको अगाडि घुँडा टेके र उनले भने, ''मेरी छोरी भर्खरै मरी, तर तपाईं मेरो घरमा आएर त्यसमाथि आफ्नो हात राखिदिनुभयो भने त्यो फेरि जीवित हुनेछे।'' जब भीड बाहिर गयो, उहाँ घरभित्र पस्नुभयो र त्यस केटीको हात समातेर उठाउनुभयो अनि त्यो उठी।

***मत्ती ९:१८,२५***

....विधवाको एकमात्र छोरो मरेको थियो। ...प्रभुले जब त्यो स्त्रीलाई देख्नुभयो, तब उहाँको हृदय दयाले भरियो र भन्नुभयो, ''नरोऊ।'' तब उहाँ अघि बढेर अरथीलाई छुनुभयो र...उहाँले भन्नुभयो, ''ए युवक, तिमी उठ!'' तब त्यो मरेको केटो उठेर बस्यो र त्यहाँ हुनेहरूसँग बोल्न थाल्यो ।

***लूका ७:१२–१५***

# सेवकाइप्रति येशूको प्रतिक्रिया 

येशूले चेलाहरूलाई सोध्नुभयो, ''मानिसहरूले मानिसको पुत्रलाई को हो भनी भन्दछन् ?'' चेलाहरूले भने,''हजुर, तपाईंलाई कतिले बप्तिस्मा दिने यूहन्ना, कतिले एलिया र अरूले यर्मिया वा अगमवक्ताहरूमध्ये कुनै एक भन्दछन्।'' त्यसपछि उहाँले तिनीहरूलाई सोध्नुभयो, ''तिमीहरू मलाई को हो भनी भन्छौ ?''...पत्रुसले जवाफ दिए, ''तपाईं जीवित परमेश्वरका पुत्र मसीह हुनुहुन्छ।'' येशूले जवाफ दिनुभयो, ''योनाको छोरो सिमोन, तिमी धन्यका हौ, किनभने ... मेरा पिताले तिमीलाई यो प्रकट गर्नुभयो। तिमीले यो कुरा मानिसबाट सिकेनौ।

***मत्ती १६:१३–१७***

तिनीहरूमध्ये कतिले भने, ''उसलाई भूत लागेको छ, ...। उसको कुरा किन सुन्छौ ?'' अरूले भने, ''यी कुरा भूत लागेका मानिसका होइनन्। के भूतले अन्धाको आँखा खोल्न सक्छ ?''

***यूहन्ना १०:२०–२१***

...यहूदीहरूले यो घटना देखेर उहाँमाथि विश्वास गरे। तर...कोहीकोही फरिसीहरूकहाँ गए र येशूले गर्नुभएका कुरा बताइदिए। त्यस दिनदेखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे।

***यूहन्ना ११:४५–४६, ५३***

'तिनीहरूले मलाई बिनाकारण घृणा गरे।'

***यूहन्ना १५:२५***

# येशूले आफ्नो मृत्यु र पुनरुत्थानको अगमवाणी गर्नुहुन्छ

तब उहाँले तिनीहरूलाई 'मानिसको पुत्रले धेरै कष्ट सहनुपर्छ र धर्मगुरु, मुख्य पूजाहारी र धार्मिक व्यवस्थाका शिक्षकहरूबाट तिरस्कृत हुनु, मारिनु र तेस्रो दिनमा पुनर्जीवित हुनुपर्नेछ' भनी सिकाउन थाल्नुभयो। *मर्कूस ८:३१*

यदि म पृथ्वीबाट उचालिएँ भने सबै मानिसहरूलाई मतिर खिँच्नेछु।'' उहाँको मृत्यु कुन प्रकारले हुने हो, सो सङ्केत दिनलाई उहाँले यसो भन्नुभएको थियो। *यूहन्ना १२:३२–३३*

येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, ''त्यसो भए ठीक छ, यो मन्दिर नष्ट पार र तीन दिनमा म फेरि यसलाई खडा गर्नेछु।'' तिनीहरूले चकित हुँदै भने, ''यो मन्दिर बनाउन छयालीस वर्ष लागेको थियो अनि के तिमी तीन दिनभित्रै यसलाई खडा गर्न सक्छौ?'' तर येशूले आफ्नै शरीरको मन्दिरका बारेमा कुरा गरिरहनुभएको थियो। उहाँले भन्नुभएको त्यो कुरा उहाँ मृत्युबाट जीवित हुनुभएपछि मात्र चेलाहरूले सम्झे र तिनीहरूले येशूले बोल्नुभएको वचन र धर्मशास्त्रमा विश्वास गरे। *यूहन्ना २:१९–२२*

जसरी योना तीन दिन र तीन रात ठूलो माछाको पेटमा थिए, त्यसरी नै म, मानिसको पुत्र पनि तीन दिन र तीन रातसम्म पृथ्वीको गर्भमा बस्नेछु। *मत्ती १२:४०*

... येशू यरूशलेमतिर आउँदै हुनुहुन्छ भन्ने जब सुने, ... यसरी उच्च स्वरले स्वागत गर्न लागे,''होसन्ना ! परमप्रभुको नाउँमा आउने इस्राएलका राजा धन्यका होऊन् !'' येशूले एउटा गधाको बछेडो भेट्टाउनुभयो अनि त्यसमाथि चढ्नुभयो र लेखिएको यो वचन पूरा भयो: 'हे सियोनकी छोरी, नडराओ। हेर, तिम्रा राजा गधाको बछेडामा चढेर आउनुहुन्छ ।'

***यूहन्ना १२:१२–१५***

येशू यरूशलेम प्रवेश गर्नुहुँदा ठूलो भीडले उत्साहित हुँदै उहाँलाई स्वागत गरे तापनि यी मानिसहरूले उहाँलाई राजाको रूपमा स्वीकार गर्दैनन् भन्ने कुरा उहाँलाई थाहा थियो। यरूशलेममा पछि हुन आउने घटनाहरूलाई विचार गरेर येशू रुनुभयो किनभने तिनीहरूमाथि शान्ति ल्याउनुहुने एकमात्र शान्तिदातालाई तिनीहरूले स्वीकार गरेनन्।

तर यरूशलेम नजिकैआइपुग्नासाथ येशूले शहरलाई नियाल्नुभयो र रुनुभयो। अनि यसो भन्नुभयो,''...तेरा शत्रुहरूले तेरो पर्खाल वरिपरि घेरेर मोर्चा कस्ने दिन आउँदै छ।...तिनीहरूले एउटा ढुङ्गामाथि अर्को ढुङ्गो कतै छोड्नेछैनन्, ... तैँले, परमेश्वरले दिन खोज्नुभएको कृपापूर्ण अवसरलाई इन्कार गरिस्।'' ***लूका १९:४१–४४***

# येशू निस्तारको थुमा हुनुहुन्छ

यूहन्नाले येशूलाई आफूतिर आउँदै गर्नुभएको देखे र उनले भने, ''हेर, संसारको पाप उठाउने परमेश्वरको थुमा !'' ***यूहन्ना १:२९***

अखमिरी रोटीको चाडको पहिलो दिनमा निस्तारको थुमाको बलिदान चढाइनुपर्थ्यो। येशूले पत्रुस र यूहन्नालाई यसो भन्दै पठाउनुभयो, ''जाओ र निस्तारको भोज तयार गर र हामीसँगै बसेर खाउँला।'' तब उहाँले रोटी लिनुभयो, त्यसको लागि धन्यवाद दिएर त्यो भाँच्नुभयो र यसो भन्दै चेलाहरूलाई बाँडिदिनुभयो, ''तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो। मेरो सम्झनामा यो गर्ने गर।'' उहाँले अङ्गुरको रसको कचौरा लिनुभयो र ... ''यो परमेश्वर र उहाँका मानिसहरूबीच बाँधिएको नयाँ करारको रगत हो, जुन धेरैका अधर्म क्षमा गर्नका निम्ति बगाइन्छ। ***लूका २२:७–८,१९, मर्कूस १४:२३–२४***

''ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ...।'' ***यशैया ५३:७***

...व्यर्थका रीति-विधिदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकद्वारा दाम तिरी तिमीहरू छुट्टयाइएका होइनौ तर निस्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टयाइएका हौ। ***१ पत्रुस १:१८–१९***

# येशूलाई इन्कार र पक्राउ गरियो

बाह्र चेलामध्येका एक, यहूदा इस्करियोत येशूलाई कसरी पक्राउन सकिन्छ भन्ने कुराको जानकारी दिन मुख्य पूजाहारीहरूकहाँ गयो। ऊ किन आएको हो भनी थाहा पाएर तिनीहरू खुसी भए र तिनीहरूले उसलाई उचित इनाम दिने वाचा गरे । ***मर्कूस १४:१०—११***

त्यसपछि येशूले आफ्ना चेलाहरूलाई गेतसमनी भन्ने ठाउँमा लिएर जानुभयो। तिनीहरूलाई त्यहाँ पर्खिन लगाउँदै उहाँले भन्नुभयो, "तिमीहरू यहीँ बस्दै गर, म अलिक पर गएर प्रार्थना गर्छु।" उहाँले पत्रुस र जब्दियाका छोरा यूहन्ना र याकूबलाई अलिक पर लैजानुभयो, उहाँ ज्यादै शोकित र व्याकुल हुन लाग्नुभयो ।उहाँ अझै परतिर जानुभयो र घोप्टो परेर प्रार्थना गर्दै भन्नुभयो, "हे पिता, सम्भव हुन्छ भने यो दुःखको कचौरा मबाट हटाइदिनुहोस्, तैपनि मेरो इच्छाअनुसार होइन, तपाईंको इच्छाअनुसार हुन दिनुहोस् ।"

***मत्ती २६:३६—३७,३९***

तब यहूदा मुख्य पूजाहारी र फरिसीहरूबाट सिपाहीहरूको एक दल र मन्दिरका पहरेदारहरू लिएर बत्ती, राँको र हातहतियारसहित त्यहाँ आयो। त्यसरी सिपाहीहरूका दल, तिनका कप्तान र मन्दिरका पहरेदारहरूले येशूलाई पक्रे र बाँधे। ***यूहन्ना १८:३,१२***

# येशूलाई दण्डाज्ञा दिई क्रूसमा चढाइयो

येशूलाई मृत्युदण्ड दिलाउन कसरी रोमी शासक सामु पुऱ्याउने भनी सरसल्लाह गर्न एकाबिहानै पूजाहारी र ... भेला भए। तिनीहरूले उहाँलाई बाँधे र रोमी शासक पन्तियस पिलातसकहाँ लगे। पिलातसले ...भने, ''तर मैले बारब्बालाई छोडिदिएँ भने मसीह कहलिएका येशूलाई के गरौं त ?'' ... सबै कराए,''त्यसलाई क्रूसमा टाँग्नुहोस् ।'' ***मत्ती २७:१–२, २२***

तिनीहरूले उहाँलाई क्रूसमा टाँग्दा बिहानको नौ बजेको थियो। क्रूसमा उहाँको शिरमाथि एउटा दोषपत्र टाँसिएको थियो, जसमा 'येशू, यहूदीहरूका राजा' भनी लेखिएको थियो। उहाँको दुवैतिर दुई जना अपराधी पनि टाँगिएका थिए। ...मानिसहरूले आफ्नो मुन्टो हल्लाउँदै उहाँको गिल्ला गर्न लागे, ''मन्दिरलाई भत्काएर तीन दिनमा नै बनाउँछु भन्ने तैँ होइनस् ? आफैलाई बचा र क्रूसबाट ओर्लिआइज।'' ... येशूको गिल्ला गर्दै यसो भने,''उसले अरूलाई बचायो तर आफैलाई बचाउन सकेन।

***मर्कूस १५:२५–३१***

अनि येशू ठूलो स्वरले कराउनुभयो, ''हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पिन्छु।'' यति भनेर उहाँले आफ्नो प्राण त्यागनुभयो। ***लूका २३:४६***

# गवाहीद्वारा येशूको मृत्युको बारेमा खबर दिइयो

मध्यदिनमा चारैतिर अँध्यारो भयो र दिउँसोको प्राय: तीन बजेसम्म नै अन्धकार भइरह्यो। येशू फेरि जोडले कराउनुभयो र आफ्नो प्राण त्याग्नुभयो। ...पृथ्वी काँप्यो र चट्टानहरू फुटे। त्यहाँ पहरा दिएर बसेका रोमी कप्तानहरू भूकम्प र त्यहाँ भएका घटनाहरूद्वारा भयभीत भए। तिनीहरूले भने, ''यिनी त साँच्चै परमेश्वरका पुत्र रहेछन् ।'' ***मत्ती २७:४५,५०–५१,५४***

तब सिपाहीहरू आएर पहिलोको खुट्टा भाँचे र उहाँसित क्रूसमा टाँगिएको अर्कोको पनि भाँचे। तर जब तिनीहरू येशूकहाँ आए, उहाँलाई अघि नै मरिसकेको देखेर तिनीहरूले उहाँका खुट्टा भाँचेनन्। तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो र तुरुन्तै रगत र पानी निस्क्यो। ...किनकि ''उहाँको एउटै पनि हड्डी भाँचिनेछैन'' भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा भएका थिए। अनि फेरि अर्को ठाउँमा धर्मशास्त्रले भन्दछ, ''जसलाई तिनीहरूले घोचे, उहाँलाई तिनीहरूले हेर्नेछन् ।''

***यूहन्ना १९:३२–३७***

''तपाईंहरूले ... जीवनको सृजनाहारलाई मार्नुभयो तर परमेश्वरले उहाँलाई मृतकबाट पुनर्जीवित पार्नुभयो। हामी यसका गवाही छौं।''

***प्रेरित ३:१४–१५***

# येशूलाई दफन गरियो तर उहाँ तेस्रो दिनमा पुर्नजीवित हुनुभयो

मुख्य पूजाहारी र फरिसीहरू पिलातसकहाँ गएर ...उनलाई भने, ''हजुर, त्यस ठगाहाले जिउँदो हुँदा 'म तेस्रो दिनमा फेरि मृतकबाट जीवित हुनेछु' भनी भनेको कुरा हामीलाई सम्झना छ। त्यसकारण तीन दिन नबितेसम्म त्यसको चिहानमा सिलछाप लगाएर पहरेदार खटाइदिनुहोस् भनी हामी तपाईंसँग अनुरोध गर्छौं। ... चेलाहरूले त्यसलाई त्यहाँबाट चोरेर लैजान पाउँदैनन् र 'त्यो फेरि जीवित भयो' भनेर हल्ला फिँजाउन पनि पाउँदैनन्। यदि तिनीहरूले त्यसो गर्न पाए भने त पहिलेको भन्दा पनि अझ नराम्रो स्थिति आउन सक्छ।'' पिलातसले जवाफ दिए, ''तिमीहरूका आफ्नै पहरा छँदै छ, जाओ र सकेसम्म राम्ररी पहरा दिन लगाओ।'' त्यसरी तिनीहरूले चिहानको मुखमा सिलछाप लगाए र त्यसको सुरक्षा गर्न पहरेदारहरू खटाए। ***मत्ती २७:६२–६६***

... बिहानै रिमरिम उज्यालो हुँदा मरियम मग्दलिनी र अर्की मरियम चिहान हेर्न भनेर गए। ... त्यहाँ ठूलो भूकम्प गयो, ... स्वर्गबाट एक जना प्रभुका दूत ओर्लिआए ... तिनको अनुहार चम्किलो ज्योतिजस्तै थियो र तिनको वस्त्र पनि हिउँजस्तै सेतो थियो। ... स्वर्गदूतले ती स्त्रीहरूलाई भने, ... उहाँ त यहाँ हुनुहुन्न। ... जीवित हुनुभएको छ...। ***मत्ती २८:१–६***

# येशूले मृत्युमाथि विजय प्राप्त गर्नुहुन्छ

येशू ... तेस्रो दिनमा मरेकाहरूबाट पुनर्जीवित हुनुभयो। *१ कोरिन्थी १५:४*

... म आफ्नो जीवन अर्पण गर्छु। कसैले पनि मेरो जीवन मबाट खोसेर लाँदैन। म आफ्नै खुसीले आफ्नो जीवन अर्पण गर्छु, ...मैले चाहेको बेलामा यो जीवन अर्पण गर्ने र फिर्ता लिने अधिकार मसँग छ... ।''

*यूहन्ना १०:१७–१८*

''उहाँले मृत्युलाई सदाका निम्ति निल्नुहुनेछ। परमप्रभु परमेश्वरले सबैका अनुहारबाट आँसु पुछिदिनुहुनेछ ।'' *यशैया २५:८*

''जीवित म नै हुँ ... म सदाका निम्ति जीवित छु, आमेन्। पाताल र मृत्युका साँचोहरू मसित छन् ।'' *प्रकाश १:१८*

''ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खिल कहाँ?'' तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ । *१ कोरिन्थी १५:५५,५७*

''...अचम्म नमान, ...त्यो समय आइरहेको छ, जब चिहानमा हुने सबैले उहाँको सोर सुन्नेछन्। असल काम गर्नेहरू जीवनका निम्ति र खराब काम गर्नेहरू न्यायका निम्ति पुनर्जीवित भई बाहिर आउनेछन् । *यूहन्ना ५:२८–२९*

# येशू पुनर्जीवित भएपछि देखा पर्नुहुन्छ

येशू आइतवार बिहानै मृतकबाट जीवित भई उठ्नुभयो र उहाँलाई पहिलोपल्ट मरियम मग्दलिनी (जसबाट येशूले सातवटा भूतात्मा निकाल्नुभएको थियो) ले देखेकी थिइन्। त्यसपछि गाउँतिर गइरहेका दुई जना चेलाहरूकहाँ येशू बेग्लै रूपमा देखा पर्नुभयो।

*मर्कूस १६:९,१२*

हप्ताको पहिलो दिन साँझमा येशूका चेलाहरू यहूदीहरूको डरले ढोका थुनेर बसिरहेका बेला अचानक येशू तिनीहरूका माझमा आएर उभिनुभयो र तिनीहरूलाई भन्नुभयो, ''तिमीहरूलाई शान्ति होस् !'' यति भनिसक्नुभएपछि उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा देखाउनुभयो। तिनीहरू प्रभुलाई देखेर अत्यन्तै खुसी भए। *यूहन्ना २०:१९–२०*

उहाँ ... बाह्रै जनाकहाँ देखा पर्नुभयो। त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढी भाइहरूकहाँ एकैचोटि देखा पर्नुभयो, ...त्यसपछि याकूब र सबै प्रेरितकहाँ उहाँ देखा पर्नुभयो।

*१ कोरिन्थी १५:५–७*

...उहाँलाई ... पुनर्जीवित पार्नुभयो ...। सबै मानिसहरूकहाँ त होइन, तर परमेश्वरद्वारा चुनिएका साक्षीहरूकहाँ ... पुनर्जीवित हुनुभएपछि उहाँसँग खायौं र पियौं। *प्रेरित १०:४०–४१*

# येशूले चेलाहरूलाई महान् आज्ञा दिएर स्वर्गतिर उचालिनुभयो

तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, ''तिमीहरूलाई शान्ति होस्, जसरी मेरा पिताले मलाई पठाउनुभयो, त्यसरी नै म पनि तिमीहरूलाई पठाउँछु।'' अनि यसो भनेर उहाँले तिनीहरूमाथि श्वास फुकिदिनुभयो र तिनीहरूलाई भन्नुभयो, ''पवित्र आत्मा लेओ''।

*यूहन्ना २०:२१–२२*

''स्वर्ग र पृथ्वीमा सम्पूर्ण अधिकार मलाई दिइएको छ। यसकारण, जाओ र सबै जातिका मानिसहरूलाई चेला बनाओ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ। मैले तिमीहरूलाई दिएका सबै आज्ञा पालन गर्न ती चेलाहरूलाई सिकाओ। हेर, यस कुरामा तिमीहरू निश्चित होओ : संसारको अन्त्यसम्म नै म तिमीहरूका साथमा छु।''

*मत्ती २८:१८–२०*

तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ र तिमीहरू यरूशलेम, सारा यहूदिया, सामरिया र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।'' उहाँले यो कुरा भनिसक्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो र बादलले उहाँलाई तिनीहरूको दृष्टिबाट ढाकिदियो।

*प्रेरित १:८–१०*

# येशूले प्रतिज्ञा गर्नुभएझैँ पवित्र आत्मा आउनुहुन्छ

म मेरा पितासँग विन्ती गर्नेछु र उहाँले अर्को सल्लाहकार पठाइदिनुहुनेछ, जो सधैँभरि तिमीहरूसँग रहनुहुनेछ। उहाँ सत्यको आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने त्यसले उहाँलाई न त देख्छ, न चिन्छ, तर तिमीहरू त उहाँलाई चिन्दछौ, किनभने उहाँ तिमीहरूसँग रहनुहुन्छ र तिमीहरूमा हुनुहुनेछ। म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ, म तिमीहरूकहाँ आउनेछु। ***यूहन्ना १४:१६–१८***

जब पेन्तिकोसको दिन आइपुग्यो, विश्वासीहरू सबै एकै ठाउँमा भेला भएका थिए। अनि अचानक स्वर्गबाट ठूलो बतासको झोक्काजस्तै गर्जनको आवाज आयो र तिनीहरू बसेको पूरा घरै भरियो। आगोका ज्वालाहरू जिब्रो आकारमा तिनीहरूकहाँ देखा परे र भागभाग भएर तिनीहरू हरेकमाथि बसे। अनि हरेक उपस्थित व्यक्ति पवित्र आत्माले भरिए र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारण गर्ने शक्तिबमोजिम तिनीहरू अन्यभाषामा बोल्न थाले। ***प्रेरित २:१–४***

… यसकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च पारिएर अनि पिताबाट पवित्र आत्माको प्रतिज्ञालाई प्राप्त गरेर…, जुन कुरा तपाईंहरूले अहिले देख्दै र सुन्दै हुनुहुन्छ। ***प्रेरित २:३२–३३***

# येशू विश्वासीहरूमा रहनुहुन्छ

ममा रहो र म तिमीहरूमा रहन्छु। जसरी हाँगा अङ्गुरको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी नै तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। अङ्गुरको बोट म नै हुँ र तिमीहरू हाँगाहरू हौ। जो ममा रहन्छ र म त्यसमा रहन्छु, त्यसले धेरै फल फलाउँछ, किनभने मबाट अलग रहेर तिमीहरूले केही पनि गर्न सक्दैनौ। ***यूहन्ना १५:४–५***

जसले उहाँका आज्ञापालन गर्दछ, ऊ उहाँमा रहन्छ र उहाँ उसमा रहनुहुन्छ। अनि उहाँले हामीलाई दिनुभएको पवित्र आत्माद्वारा उहाँ हामीभित्र वास गर्नुहुन्छ भनी हामी जान्दछौं। ***१ यूहन्ना ३:२४***

म ख्रीष्टसँग क्रूसमा टाँगिएको छु, अब उसो म होइन तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन अहिले म शरीरमा जिउँछु, मलाई प्रेम गर्नुहुने र मेरो निम्ति आफैलाई दिनुहुने परमेश्वरका पुत्रको विश्वासद्वारा जिउँछु। ***गलाती २:२०***

... उहाँको महिमाको धनअनुसार उहाँको आत्माद्वारा भित्री मनुष्यत्वमा शक्तिशाली पारून्, अनि विश्वासद्वारा ...। ***एफिसी ३:१६–१७***

...यदि परमेश्वरका आत्मा साँच्चै तिमीहरूमा वास गर्नुहुन्छ भने तिमीहरू पाप—स्वभावमा होइन तर आत्मामा हुन्छौ। तर यदि कसैसित ख्रीष्टको आत्मा छैन ...। ***रोमी ८:८–९***

# येशू महिमित हुनुभएको छ

तर हामी येशूलाई देख्तछौं, जसलाई केही बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही कम दर्जाको तुल्याइयो र परमेश्वरको अनुग्रहद्वारा सबैको निम्ति उहाँले मृत्यु चाख्नुभएको होस् भनेर मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट पहिराइयो। *हिब्रू २:९*

... परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब स्वर्गको तेजस्वी महिमाबाट एउटा यस्तो आवाज आयो ''यिनी मेरा प्रिय पुत्र हुन्, जसमा म अति प्रसन्न छु।'' त्यस पवित्र डाँडामा हामी उहाँसँग हुँदा स्वर्गबाट आएको यो आवाज हामी आफैले सुनेका थियौं। *२ पत्रुस १:१७–१८*

... एक जनालाई मैले देखेँ, जसले पाउसम्मै पोशाक पहिरिनुभएको र छातीमा सुनौलो चौडा फित्ता बाँध्नुभएको थियो। उहाँको शिर र कपाल ऊन र हिउँजस्तै सेता अनि उहाँका आँखाहरू आगोको ज्वालाजस्ता थिए। उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए र उहाँको सोर उर्लिंदो पानीको आवाजजस्तै थियो। उहाँको दाहिने हातमा सातवटा तारा थिए र उहाँको मुखबाट दुईधारे तरवार निस्केको थियो अनि उहाँको मुहार पूरा तेजमा चम्केको सूर्यजस्तो थियो। ... दाहिने बाहुली ममाथि राख्नुभयो, ''नडराऊ, म पहिलो र अन्तिम हुँ।''

*प्रकाश १:१३–१७*

# येशूले मण्डलीलाई सन्देश पठाउनुहुन्छ

''मसँग तिम्रो विरुद्धमा केही कुरा छ, किनभने तिमीले आफ्नो पहिलो प्रेम छोडिदिएका छौ। यसकारण तिमी कहाँबाट पतित भएका छौ सो सम्झ र पश्चात्ताप गर ।''

***प्रकाश २:४,५***

''तिमीहरूले भोग्न लागेका कष्टसँग नडराओ, ... तिमी मृत्युसम्मै विश्वसनीय होऊ र म तिमीलाई जीवनको मुकुट दिनेछु। ***प्रकाश २:१०***

''जसले जित्छ, त्यसलाई सेतो वस्त्र पहिराइनेछ र म जीवनको पुस्तकबाट त्यसको नाउँ मेटाउनेछैन, तर म त्यसको नाउँ मेरा पिता र उहाँका दूतहरूका सामु स्वीकार गर्नेछु।''

***प्रकाश ३:५***

'म तिम्रा कार्यहरू जान्दछु, हेर मैले तिम्रो सामु एउटा खुला ढोका राखिदिएको छु र यसलाई कसैले बन्द गर्न सक्दैन, किनकि तिमीसँग थोरै शक्ति छ तापनि मेरा वचन तिमीले पालन गरेका छौ, मेरो नाउँ तिमीले इन्कार गरेका छैनौ ।''

***प्रकाश ३:८***

''जतिलाई म प्रेम गर्छु, तिनीहरूलाई म हप्काउँछु र ताडना दिन्छु, ... जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसँग बस्ने अधिकार दिनेछु, जसरी मैले पनि जितेँ र मेरा पितासँग सिंहासनमा बसेको छु ।''

***प्रकाश ३:१९,२१***

# येशूले अहिले के गर्दै हुनुहुन्छ ?

तर उहाँले पापका निम्ति सधैँको लागि एउटै बलिदान चढाएर परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान हुनुभएको छ। *हिब्रू १०:१२*

त्यसकारण स्वर्ग छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू, हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले स्वीकार गरेको विश्वासलाई थामिराखौं। किनकि हाम्रा प्रधान पूजाहारी, हाम्रा कमजोरीहरूमा हामीलाई सहानुभूति देखाउन नसक्ने हुनुहुन्न, तर हामीले झैँ उहाँले सबै परीक्षाको सामना गर्नुभयो, तैपनि उहाँले केही पाप गर्नुभएन। यसकारण हामी हिम्मतसाथ अनुग्रहको सिंहासनको नजिकमा जाऔं, खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं। *हिब्रू ४:१४–१६*

... उहाँको पूजाहारी पद स्थायी छ। ... उहाँद्वारा परमेश्वरकहाँ आउने सबै मानिसलाई उहाँले सधैँको निम्ति एकैपल्ट उद्धार गर्न सक्नुहुन्छ। उहाँ ...परमेश्वरसित अर्जविन्ती गर्नका निम्ति सदैव जीवित रहनुहुन्छ। *हिब्रू ७:२४–२५*

उहाँ आफैले भन्नुभएको छ, ''म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ '' यसकारण हामी दृढविश्वाससँग भन्दछौं, ''प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउनेछैनँ, मानिसले मलाई के गर्न सक्छ र ?'' *हिब्रू १३:५–६*

# येशू फेरि आउने प्रतिज्ञा गर्नुहुन्छ

"... तिमीहरूलाई मकहाँ लैजानेछु र जहाँ म छु,... तिमीहरू पनि हुनेछौ ।" *यूहन्ना १४:३*

किनकि प्रभु आफै स्वर्गबाट ठूलो गर्जन...को साथमा आउनुहुनेछ र ख्रीष्टमा मृतकहरू पहिले पुनर्जीवित हुनेछन्। त्यसपछि हामी जो जीवित र बाँकी रहेकाहरू उनीहरूसँगै बादलमा प्रभुलाई भेट्न र उहाँसँग सदा रहनका निम्ति उचालिनेछौं।

*१ थेसलोनिकी ४:१६–१७*

"जसरी आकाशमा बिजुली चम्कँदा चारैतिर देखिन्छ, मानिसको पुत्रको आगमन त्यसरी नै हुनेछ। तब मानिसको पुत्रको आगमनको चिन्ह आकाशमा देखा पर्नेछ। तब पृथ्वीका सबै जातिले विलाप गर्नेछन्। तिनीहरूले मानिसको पुत्रलाई बादलमा ठूलो महिमा र शक्तिसहित आइरहेका देख्नेछन् । उनले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको चर्को आवाजसहित पठाउनेछन् र तिनीहरूले पृथ्वी र स्वर्गको चारैतिरबाट उहाँका चुनिएका जनलाई एकसाथ भेला गर्नेछन्।" *मत्ती २४:२७,३०–३१*

"किनभने म, मानिसको पुत्र पिताको महिमामा उहाँका दूतहरूका साथमा आउनेछु र मानिसहरूले गरेका कामअनुसार म तिनीहरूका न्याय गर्नेछु।" *मत्ती १६:२७*

# येशूले संसारको न्याय गर्नुहुनेछ

''परमेश्वरले ... अब सबै ठाउँमा सबै मानिसहरूलाई पश्चात्ताप गर्नू भन्ने आज्ञा दिनुहुन्छ। किनकि उहाँले तोक्नुभएको दिनमा उहाँले नै नियुक्त गर्नुभएको मानिसद्वारा धार्मिकतामा संसारको न्याय गर्नुहुनेछ। उहाँलाई मृतकबाट जीवित पारेर परमेश्वरले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।''

***प्रेरित १७:३०–३१***

''न्यायको दिनमा, धेरैले मलाई 'प्रभु, प्रभु, हामीले तपाईंका नाउँमा अगमवाणी गर्‍यौं, तपाईंका नाउँमा भूतहरू धपायौं र धेरै आश्चर्यकर्म गर्‍यौं' भन्नेछन्। तर म तिनीहरूलाई यसो भनेर जवाफ दिनेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ, तिमी दुष्ट काम गर्ने हो, मबाट टाढा भैजाओ।''

***मत्ती ७:२२–२३***

प्रभुको दिन त चोरजस्तै गरी आउनेछ, जसमा आकाश ठूलो आवाजसाथ बितिजानेछ अनि पृथ्वी र त्यसमा भएका सम्पूर्ण थोक आगोले नष्ट हुनेछन् ... । तिमीहरू सबै पवित्र चालचलन र भक्तिमा परमेश्वरको दिनको प्रतीक्षा गर्दछौ र त्यस दिन नजिक आएको चाहन्छौ। जुन दिन आकाशहरू जलेर भस्म हुनेछन् र तत्वहरू आगोको रापले पग्लनेछन्। तर पनि हामी उहाँको प्रतिज्ञाअनुसार नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्दछौं, जहाँ धार्मिकताले वास गर्दछ ।

***२ पत्रुस ३:१०–१३***

त्यसैकारण पनि परमेश्वरले उहाँलाई उच्च पार्नुभयो र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ। कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएकाहरूले येशूको नाउँमा घुँडा टेक्नुपर्छ र हरेक जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ । ***फिलिप्पी २:९–११***

''राती नै मैंले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलकासाथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो । उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्कनेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।''

***दानिएल ७:१३–१४***

''मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति, सम्मान, महिमा र धन्यवाद ग्रहण गर्ने योग्यका हुनुहुन्छ ।'' ***प्रकाश ५:१२***

... ''संसारको राज्य हाम्रा प्रभु र उहाँका ख्रीष्टको राज्य भएको छ, उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ।'' ***प्रकाश ११:१५***

# तपाईं येशूकहाँ आएको उहाँ चाहनुहुन्छ

''हे, सबै चिन्ता र गह्रौं बोझले लादिएका हो, मकहाँ आओ र म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा बोक,... किनभने म नम्र र विनयी हृदयको छु, तिमीहरूले आफ्ना मनमा विश्राम पाउनेछौ ।'' ***मत्ती ११:२८–२९***

''हेर, म ढोकामा उभिन्छु र ढकढक्याउँछु, यदि कसैले मेरो सोर सुन्छ र ढोका खोल्दछ भने म त्यसकहाँ भित्र आउनेछु र त्यससँग म भोजन खानेछु र त्यसले मसँग खानेछ।''

***प्रकाश ३:२०***

कसैकसैले सम्झेझैँ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्न तर कोही पनि नाश नहोस् तर सबैले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभुले तिमीहरूतर्फ धैर्य देखाउनुभएको छ ।

***२ पत्रुस ३:९***

''पिताले मलाई दिनुभएका सबै जना मकहाँ आउँछन् र मकहाँ आउनेलाई म कुनै रीतिले त्याग्नेछैनँ ।'' ***यूहन्ना ६:३७***

''अनि जजसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ ।'' ***प्रेरित २:२१***

...हेर, ग्रहणीय समय अहिले हो, मुक्तिको दिन अहिले हो। ***२ कोरिन्थी ६:२***

...जो तिर्खाउँछ त्यो आओस्,...त्यसले जीवनको पानी सित्तैंमा लेओस्। ***प्रकाश २२:१७***

# अब तपाईंले येशूलाई के गर्नुहुन्छ ?

"पुत्रमा विश्वास गर्नेसित अनन्त जीवन छ र पुत्रमा विश्वास नगर्नेले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ ।"

*यूहन्ना ३:३६*

तर जजसले उहाँलाई स्वीकार गरे र उहाँको नाउँमा विश्वास गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो।

*यूहन्ना १:१२*

यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिमीले मुक्ति पाउनेछौ। *रोमी १०:९–१०*

प्यारो प्रभु येशू,

मलाई मेरो पापबाट छुटकारा दिन क्रूसमा मर्नुभएको निम्ति धन्यवाद। मैले गरेका सबै नराम्रा कामहरूका निम्ति मलाई क्षमा गर्नुहोस्। म अहिले नै तपाईंलाई मेरो हृदयमा निम्त्याउँदछु र मेरो जीवनको उद्धारक र प्रभु भनी स्वीकार गर्छु। तपाईंले मलाई परमेश्वरको सन्तान बनाउनुहुने प्रतिज्ञामा म विश्वास गर्छु। म दैनिक रूपमा तपाईंको भएर जिउनका निम्ति आवश्यक तपाईंको शक्ति मलाई दिनुहुन्छ भनेर म तपाईंमा भरोसा राख्छु।

तपाईंको नाउँमा म प्रार्थना गर्दछु, आमेन्।

